# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

**प्रदेश निजामती सेवा अन्तर्गत प्रशासन सेवा, चौथो तहका पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना नं. २४१/२०७९/०८०** **मितिः-२०८०/१/२०**

आयोगको मिति २०७८/०६/२७ मा प्रकाशित सूचना अनुसार छुट्याइएका देहायका पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (१२) बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारलाई नियुक्तिको लागि सम्वन्धित निकायमा सिफारिस गरिनेछ।

| सि.नं. | विज्ञापन नं. | विज्ञापन किसिम | पद, सेवा, समूह, उपसमूह, तह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १५४/२०७९-८० | आ.प्र. | प्रशासन सहायक, प्रशासन, सा.प्र., चौथो | १ (एक) | २०८०।३।८ गते दिनको २.३० बजे | २०८०।३।९गते दिनको ११.०० बजे |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता।

**परीक्षा केन्द्रः-** पोखरा।

**दरखास्तको माध्यमः-** विज्ञापित पदको अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. ५००/- (पाँच सय रुपैया) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। (Connect IPS वा अन्य विद्युतीय भुक्तानी प्रणाली जस्तैः E-sewa, Khalti etc. बाट direct भुक्तानी अनलाईन प्रणालीले सपोर्ट गर्ने छैन।)

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, सेवा प्रमाणित प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग

स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०।०२।०९ सम्म र दोब्बर दस्तुर तिरी २०८०।०२।१६ सम्म।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा समूह सम्वन्धी।

**तलब तथा सेवा सुविधाः-** प्रचलित कानून बमोजिम।

## दरखास्त दिने उम्मेदवारहरुले ध्यानदिनुपर्ने विषयहरु

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा चौथो तह भन्दा मुनीको पदमा कार्यरत कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) चौथो तहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (१२) बमोजिम न्यूनतम सेवा अवधि ऐनको दफा ३२ बमोजिम पुरा गरेको हुनु पर्नेछ।

(ग) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्टयाई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको ) भन्ने व्यहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

(छ) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४६७८७३

Website:- http://ppsc.gandaki.gov.np **E-mail:** gandakipsc2076@gmail.com